## ६. कार्यक्रम कार्यान्वयन संरचना

यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तिन तहको संरचना निर्माण गरिएको छ। सबैभन्दा माथिल्लो तहमा कार्यक्रम कार्यान्वयनको क्रममा नीतिगत मार्गदर्शन गर्न एवम् कार्यक्रमद्वारा तयार गरिने नक्शा तथा प्रतिवेदनलाई स्वीकृती प्रदान गर्न वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिवहरू एवम् साझेदार संस्थाका प्रतिनिधिहरू सम्मिलित कार्यक्रम सल्लाहकार समिति गठन गरिएको छ।

यसैगरी कार्यक्रमको प्रगतिको आवधिक पूनरावलोकन गरी स्थलगत सर्वेक्षण लगायतका क्रियाकलापहरूमा सहयोग, समन्वय र दिशानिर्देश गर्न वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका महानिर्देशकको अध्यक्षतामा वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वनस्पति विभाग, वातावरण विभाग, कृषि विभाग, पशु सेवा विभाग, नापी विभाग तथा जल तथा मौसम विज्ञान विभागका महानिर्देशकहरू सम्मिलित कार्यक्रम समन्वय समिति गठन गरिएको छ।

कार्यक्रम कार्यान्वयनको प्राविधिक संयन्त्रको रुपमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका उपसचिवको संयोजकत्वमा कार्यक्रमका प्राविधिक सल्लाहकार लगायत अन्य विषय विज्ञहरू एवम् केन्द्रका वन प्राविधिकहरू सम्मिलित पारिस्थितिकीय प्रणाली नक्शाङ्कन इकाई स्थापना गरिएको छ। यस इकाई अन्तर्गत वन प्राविधिकको नेतृत्वमा वनस्पति विज्ञ समेत संलग्न रहने पाँच वटा तथा सिमसार र कृषि सम्वद्ध एक-एक वटा विशिष्ट स्थलगत सर्वेक्षण टोलीहरू परिचालित हुन्छन्।

## ७. साझेदार संस्थाहरू

यो कार्यक्रमको शुरुवाती चरणदेखि नै नेपाल स्थित वेलायती राजदुतावासको Policy and Institutions Facility, Oxford Policy Management, अमेरिकी सहयोग नियोगको हरियो वन कार्यक्रम तथा WWF Nepal ले प्राविधिक सहायता उपलब्ध गराउँदै आएका छन् भने यसको कार्यान्वयनको क्रममा अन्य विकास साझेदारहरूको सहयोग समेत अपेक्षित छ।



## ८. स्थानीय स्तरमा कार्यरत सरोकारवालाहरूको भूमिका

नेपालको पूर्व देखि पश्चिम र तराई मधेस देखि उच्च हिमाली क्षेत्रका विभिन्न स्थानहरूबाट वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवम् पारिस्थितिकीय प्रणालीहरूसँग सम्वन्धित स्थलगत तथ्याङ्क संकलन गर्नु यो कार्यक्रम अन्तर्गतको एक मुख्य क्रियाकलाप हो। यस क्रममा तथ्याङ्क संकलनका लागि आउने प्राविधिक टोलीलाई मुख्यतः स्थानीय स्तरमा कार्यरत नेपाल सरकार अन्तर्गतका निकायहरू (जस्तैः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष कार्यालयहरू), प्रदेश सरकार अन्तर्गतका निकायहरू (जस्तैः डिभिजनल/सव-डिभिजनल वन कार्यालयहरू, कृषि ज्ञान केन्द्र आदि), गाउँपालिका/नगरपालिकाहरू, सामुदायिक संघ संस्थाहरू (जस्तैः वन उपभोक्ता समुह, ताल व्यवस्थापन समिति आदि) तथा स्थानीय समुदाय, विषय विज्ञ, अगुवा कृषक लगायतका सरोकारवालाहरूबाट आवश्यक सूचना तथा प्राविधिक सहायता उपलब्ध गराई कार्यक्रम कार्यान्वयनमा महत्वपूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।




**सम्पर्क**

**पारिस्थितिकीय प्रणाली नक्शाङ्कन इकाई**

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

ववरमहल, काठमाडौं

फोनः ०१-५३२०४८२

Email: twg.frtc@gmail.com

Website: https://frtc.gov.np


# पारिस्थितिकीय प्रणाली तथा वन प्रकार नक्शाङ्कन कार्यक्रम

## (Ecosystem and Forest Types Mapping Program)



नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

पारिस्थितिकीय प्रणाली तथा वन प्रकार नक्शाङ्कन कार्यक्रम

२०७७

## १. परिचय

नेपालमा सन १९५० को दशकदेखि नै वन तथा वनस्पतिको अध्ययन गरिएको भए पनि वेलायती वनस्पतिवेत्ता Stainton ले १९६० को दशकमा गेरेको स्थलगत अध्ययनको आधारमा १९७२ मा नेपालका वनहरू (Forests of Nepal) नामक पुस्तक प्रकाशन गरी नेपालमा रहेका वनका प्रकारहरूको विधिवत दस्तावेजीकरण गर्ने कार्यको थालनी गेरका थिए। उक्त पुस्तकमा नेपालमा पाइने ३५ प्रकारका वनहरूको वर्णन गरिएको छ।

तत्पश्चात फ्रान्सेली वैज्ञानिक Dobremez ले फ्रान्सेली सहकर्मी एवम् नेपाली वनस्पतिशास्त्रीहरू समेतको सहयोगमा १९७० को दशकमा स्थलगत सर्वेक्षण गरी १९७६ मा प्रकाशन गरेको पुस्तकमा ७७ प्रकारका वन-बुट्यान र घाँसे मैदानहरूको वर्णन गरेका छन्। उक्त टोलीद्वारा १९८५ सम्ममा तयार गरिएको नेपालको पारिस्थितिकीय नक्शामा १९८ प्रकारका पारिस्थितिकीय प्रणालीहरू (Ecosystems) रहेको देखाइएको छ। हस्तनिर्मित उक्त नक्शाकै आधारमा पछि १९९६ मा Biodiversity Profiles Project ले ११२ प्रकारका वन-बुट्यान र घाँसे मैदान सहित कुल ११८ प्रकारका पारिस्थितिकीय प्रणालीहरूको वर्णन गरेको छ। यसैगरी मुलतः अघिल्ला अध्ययनहरूको आधारमा २००२ मा तत्कालिन वन विभाग अन्तरगतको वृक्षसुधार तथा वन संवर्द्धन इकाईद्वारा तयार गरिएको नक्शामा नेपालमा ३६ प्रकारका वन-बुट्यान र घाँसे मैदान रहेको देखाइएको छ।

पछिल्लोपटक २०१५ मा तत्कालिन वन अनुसन्धान तथा सर्वेक्षण विभागले सिमित तथ्याङ्कको आधारमा तयार गरेको नक्शामा १५ प्रकारका वनहरू देखाइएको छ भने Miehe र उनका सहकर्मीहरूद्वारा प्रकाशित एक पुस्तकमा ५३ प्रकारका वन-बुट्यान र घाँसे मैदानहरूको चर्चा गरिएको छ। यसरी विभिन्न समयमा फरक फरक विधि प्रयोग गरी गरिएका अध्ययनहरूले वन तथा पारिस्थितिकीय प्रणालीका प्रकारहरू सम्बन्धमा फरक फरक सुचनाहरू सम्प्रेषण गरेको पाइन्छ। यस्तै भू-सूचना प्रणालीमा आधारित नक्शाङ्कनको अभावमा पारिस्थितिकीय प्रणालीहरूको अनुगमनमा समस्या देखिएको छ।

यसै सन्दर्भमा नेपालमा रहेका विविध प्रकारका पारिस्थितिकीय प्रणालीहरूको दिगो व्यवस्थापन गर्न भविष्यमा अनुगमन समेत गर्न सकिने गरी तिनका प्रकारहरूको अद्यावधिक नक्शाङ्कन साथै तिनीहरूको संवेदनशीलताको विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएको छ। यहि आवश्यकतालाई सम्वोधन गर्ने उद्देश्यका साथ नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले पारिस्थितिकीय प्रणाली तथा वन प्रकार नक्शाङ्कन कार्यक्रम (Ecosystem and Forest Types Mapping Program) कार्यान्वयनमा ल्याएको हो।



## २. कार्यक्रमको उद्देश्य

नेपालका पारिस्थिकीय प्रणालीहरूको दिगो व्यवस्थापन गरी स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्‍याउने दिर्घकालिन लक्ष्य रहेको यस कार्यक्रमका विशिष्ट उद्देश्यहरू यसप्रकार रहेका छन्।

(क) नेपालका पारिस्थितिकीय प्रणालीहरूसँग सम्बन्धित ज्ञान, तथ्याङ्क एवम् नक्शाहरूको पूनरावलोकन गर्ने।

(ख) वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकारहरू एवम् पारिस्थितिकीय प्रणालीहरू पहिचान गरी नक्शाङ्कन गर्ने।

(ग) पारिस्थितिकीय प्रणालीहरूको संवेदनशीलता मुल्यांकन गरी व्यवस्थापनका रणनीतिहरू पहिचान गर्ने।

(घ) पारिस्थितिकीय प्रणालीहरूको नियमित अनुगमन गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने।

## ३. कार्यक्रम अवधि

- **तयारी चरण :** मंसिर २०७६ - कार्तिक २०७७ (डिसेम्वर २०१९ - अक्टोवर २०२०)
- **कार्यान्वयन चरण :** कार्तिक २०७७ - फाल्गुण २०७९ (अक्टोवर २०२० - मार्च २०२३)

## ४. मुख्य कियाकलापहरू

यस कार्यक्रमको कार्यान्वयनको क्रममा मुख्यतः देहायका क्रियाकलापहरू संचालन गरिन्छ।

(क) नेपालका वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रका प्रकार एवम् पारिस्थितिकीय प्रणालीहरूसँग सम्बन्धित ज्ञान, तथ्याङ्क एवम् नक्शाहरूको पूनरावलोकन गरी तिनका प्रकारहरूको प्रारम्भिक सूची तयार गर्ने।

(ख) वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवम् पारिस्थितिकीय



प्रणालीहरूको नक्शाङ्कन एवम् संवेदनशीलता मुल्यांकन गर्ने विधि तय गरी सो अनुरुप स्थलगत तथ्याङ्क संकलनको लागि आवश्यक फारामहरू साथै कार्यविधि (Standard Operating Procedure) तयार गर्ने।

(ग) वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवम् पारिस्थितिकीय प्रणालीहरूको नक्शाङ्कन एवम् संवेदनशीलता मुल्यांकन गर्न आवश्यक स्थलगत तथ्याङ्क संकलन गर्ने।

(घ) विभिन्न स्रोतहरूबाट वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवम् पारिस्थितिकीय प्रणालीहरूको नक्शाङ्कन एवम् संवेदनशीलता मुल्यांकन गर्न सहयोगी द्धितियक तथ्याङ्क संकलन गर्ने।

(ङ) प्राथमिक तथा द्धितियक तथ्याङ्कहरूको आधारमा भू-उपग्रह चित्र (Satellite imagery) को वर्गिकरण गरी वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवम् पारिस्थितिकीय प्रणालीहरूको भौगोलिक अवस्थिति एवम् संवेदनशीलता दर्शाउने नक्शाहरू र सोसँग सम्वन्धित प्रतिवेदनहरू तयार गर्ने।

(च) नेपालका पारिस्थितिकीय प्रणालीहरूको नियमित अनुगमन गर्न सहयोगी हुने गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको भौतिक-प्राविधिक पूर्वाधार स्तरोन्नति गर्ने।

(छ) कार्यक्रम कार्यान्वयनका विभिन्न चरणहरूमा सरोकारवाला एवम् विषय विज्ञहरूसँग परामर्श, समन्वय र सहकार्य गर्ने।

## ५. आशातित मुख्य उपलब्धिहरू

यो कार्यक्रमको अन्तमा मुलतः देहायका दुई प्रकारका नक्शा एवम् प्रतिवेदनहरू प्रकाशित गरिनेछ। यी नक्शा एवम् प्रतिवेदनहरूले नेपालका पारिस्थितिकीय प्रणालीहरूको दिगो व्यवस्थापनको लागि योजना तथा कार्यक्रम तर्जुमा गर्न टेवा पुऱ्याउने आशा गरिएको छ।

(क) नेपालका वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रका प्रकार एवम् पारिस्थितिकीय प्रणालीहरूको भौगोलिक अवस्थितिको अद्यावधिक नक्शा एवम् विवरणात्मक प्रतिवेदन।

(ख) विभिन्न पारिस्थितिकीय प्रणालीहरूको संवेदनशीलताको स्तर दर्शाउने नक्शा एवम् सो अनुरुप उपयुक्त व्यवस्थापन क्रियाकलापहरूको विवरण सहितको प्रतिवेदन।

